# श्रोत-परीक्षित न्यूनतम आय सम्बन्धी जानकारी पाना

श्रोत-परीक्षित न्यूनतम आय (BMS) ले त्यस्ता लाभहरूलाई जनाउँछ जसले वित्तीय आकस्मिकताको अवस्थामा रहेका र आफ्नो स्वयंका श्रोतहरू (आय तथा सम्पत्ति) बाट आफ्नो जीवन निर्वाह गर्न नसक्ने स्थितिमा रहेका मानिसहरूका आजीविका तथा जीवन निर्वाहका आवश्यकताहरूलाई सुरक्षित बनाउँछ।

**योग्यता सम्बन्धी आवश्यकताहरू**

- कुनै आय नभएको वा आय एकदमै कम भएको
- कुनै सम्पत्ति नभएको
- लोवर अस्ट्रियामा मुख्य बसोबास भएको
- अस्ट्रियामा स्थायी आवासीय अनुमतिको लागि योग्य भएको
- काम गर्नमा असक्षमता नभएसम्म काम गर्न इच्छुक भएको
- समायोजन हुनमा इच्छुक रहेको (उदाहरण: जर्मन भाषाका कक्षा र मूल्य-मान्यता तथा अभिमुखीकरण कोर्सहरूमा सहभागी हुने)
- सम्बन्धित कागजातहरूको प्रस्तुतीकरण (परिशिष्ट 1 हेर्नुहोस्)

**आवेदन बुझाउने ठाउँ**

- जिल्ला प्रशासन वा मजिस्ट्रेट
- आवास रहेको ठाउँको स्थानीय प्राधिकरण

**निर्णयका लागि जिम्मेवार पक्ष**

- जिल्ला प्रशासन वा मजिस्ट्रेट

**लाभहरू**

- अनुमानित न्यूनतम आवश्यकताहरूका लागि नगद वा जिन्सीको रूपमा भुक्तानी (परिशिष्ट 2 हेर्नुहोस्)
- पछिल्लो छ वर्ष भित्रमा पाँच वर्ष भन्दा कम समय देखि अस्ट्रियामा बसोबास गर्ने मानिसहरूका लागि समायोजनको न्यूनतम मापदण्डहरू लागू हुन्छन् (परिशिष्ट 3 हेर्नुहोस्)।
- एउटै घरपरिवार वा साझा आवासमा बस्ने सबै व्यक्तिहरूको न्यूनतम मापदण्डहरूको जोड सामान्यतया कुल €1500 सम्म सीमित हुन्छ।
- वैधानिक स्वास्थ्य बीमाको लागि योगदानहरूको भुक्तानी
- श्रमिक बजारमा पुन: प्रवेश गर्दै गरेका मानिसहरूका लागि बोनस

**स्वास्थ्य बीमाको लागि भुक्तानी / आवेदन**

- कुनै अपवाद बाहेक राष्ट्रिय चालू खातामा भुक्तानी
- महिनाको अन्तमा लाभहरू स्थानान्तरण गरिन्छ
- अधिकारीहरूद्वारा आवेदकलाई मात्र सोसल इन्सुरेन्सेस् अफ लोवर अस्ट्रियामा कवरेजको लागि सीधै दर्ता गर्न सकिन्छ
  ➔ आवेदकका आश्रितहरूका निम्ति सह-बीमाको लागि सोसल इन्सुरेन्सेस् अफ लोवर अस्ट्रियामा एउटा आवेदन दिनुपर्छ (यसको योगदानहरूका लागि भुक्तानी अझै पनि श्रोत-परीक्षित न्यूनतम आयको रूपरेखा भित्र हुन्छ) ।

**दायित्वहरू**

- योग्यताको स्थितिहरूमा हुने कुनै पनि परिवर्तनलाई त्यसो भएको दुइ हप्ता भित्रमा जिल्ला प्रशासन वा मजिस्ट्रेटलाई जानकारी गराइनुपर्छ

  उदाहरणको लागि:

  - आय वा सम्पत्तिहरूमा परिवर्तन भएमा
  - बसोबास वा परिवारको प्रबन्धहरूमा परिवर्तन भएमा
  - अस्ट्रियामा कानूनी रूपमा आवास परिवर्तन गरेमा
  - लाभकारी रोजगारी शुरू गरेमा
  - अस्पताल वा उपचार संस्थामा भर्ना हुनु परेमा
  - दुइ हप्ता भन्दा बढी समयको लागि हुने अन्य अनुपस्थिति भएमा
- तेस्रो पक्षहरूद्वारा गरिएका दाबी प्रतिको प्रतिज्ञा (उदाहरण: जीवन-निर्वाह, बिरामी लाभहरू)
- काम गर्ने प्रतिबद्धता
- सीमित जर्मन ज्ञान भएको खण्डमा जर्मन भाषाका कक्षाहरूमा वा रोजगारीको बजारमा सम्भाव्यता, काम गर्ने क्षमता वा सामाजिक स्थायीकरण सुधार गर्नको लागि अन्य विधिहरू (उदाहरण: परोपकारी सामुदायिक काम) मा सहभागी हुने ।
- पछिल्लो 6 वर्ष भित्रमा 5 वर्ष भन्दा कम समय देखि अस्ट्रियामा बसोबास गर्ने व्यक्तिहरूले कम्तीमा पनि 8-घण्टाको मूल्य-मान्यता तथा अभिमुखीकरण कोर्समा सहभागी हुने ।
- पछिल्लो 6 वर्ष भित्रमा 5 वर्ष भन्दा कम समय देखि अस्ट्रियामा बसोबास गर्ने व्यक्तिहरूको लागि जर्मन भाषाको ज्ञान A2 स्तर सहित तथा सम्म प्राप्त गर्ने ।
- पछिल्लो 6 वर्ष भित्रमा 5 वर्ष भन्दा कम समय देखि अस्ट्रियामा बसोबास गर्ने व्यक्तिहरूको लागि समायोजन सम्झौता गर्ने ।

**अस्वीकृति / कटौती / समाप्ति**

काम गर्न अस्वीकार गर्ने, समायोजन विधिहरू (जर्मन भाषाको कक्षा, मूल्य-मान्यता तथा अभिमुखीकरण कोर्सहरू र सामुदायिक काम), लोक रोजगारी सेवाको कोर्सहरूमा सहभागी नहुने वा त्यस्ता क्रियाकलापहरूमा कुनै स्पष्टीकरण बिना अनुपस्थित रहने व्यक्तिहरूको श्रोत-परीक्षित न्यूनतम आय लाभहरूको लागि बुझाइएका आवेदनहरू अस्वीकार गरिनेछ । चालू अवस्थामा रहेका लाभहरूलाई कटौती वा रद्द गरिनेछ ।

**रकम फिर्ता, सोधभर्ना तथा जरिवानाहरू**

निम्न मामिलाहरूमा, प्राप्त लाभहरूलाई फिर्ता गरिनुपर्छ र जरिवाना पनि लगाइन सक्छ:

- परिवर्तनहरूका बारेमा अधिकारीहरूलाई सूचित गर्ने कर्तव्यको उल्लंघन गरेमा
- गलत जानकारी दिएको वा सम्बन्धित जानकारीलाई खुलासा नगरेको
- प्रयोग गर्न सकिने सम्पत्तिहरू पछि प्राप्त हुने (उदाहरण: अपुताली)
- लाभार्थीद्वारा दिइएको क्षतिपूर्ति

**लाभकारी रोजगारी शुरू गरेर रोजगारी बजारमा पुन: प्रवेशको बोनस**

रोजगारी बजारमा पुन: प्रवेशको बोनस त्यस्ता व्यक्तिहरूमा लागू हुनसक्छ जसले बिना कुनै रूकावट कम्तीमा पनि 6 महिनाको लागि श्रोत-परीक्षित न्यूनतम आय लाभहरू प्राप्त गरेका छन् र रोजगारी शुरू गरेका छन् (उक्त रोजगारी मामूली नै भएतापनि)।

<u>आवेदन तथा समयसीमाहरू:</u>

आवेदनको लागि निम्न दुइ कदमहरू चाल्नु जरूरी हुन्छ:

1. लाभकारी रोजगारी शुरू गर्दा, अर्थात्, रोजगारी शुरू भइसकेपछि सम्बन्धित जिल्ला प्रशासन वा मजिस्ट्रेटलाई दुइ हप्ता भित्रमा सूचित गरिनुपर्छ।
2. लाभकारी रोजगारी शुरू गरेको 4 हप्ता भित्रमा, अर्थात् रोजगारी शुरू गरेपछि रोजगारी बजारमा पुन: प्रवेशको बोनसका लागि सम्बन्धित जिल्ला प्रशासन वा मजिस्ट्रेटलाई लिखित वा मौखिक रूपमा आवेदन दिइनुपर्छ। तपाईंले लाभकारी रोजगारी शुरू गर्दै हुनुहुन्छ भनेर सूचित गर्दा बोनसको लागि पनि आवेदन दिन सम्भव हुन्छ।

<u>रकम:</u>

रोजगारी बजारमा पुन: प्रवेशको बोनसको रकम खुद आय (अधिकतम) को एक तिहाइको अनुरूप हुन्छ। यदि खुद आय तथा बोनस एकल व्यक्तिको न्यूनतम मापदण्ड (€1182.24; 2017) को 140% भन्दा बढी भएमा रोजगारी बजारमा पुन: प्रवेशको बोनस सोहीअनुसार घट्नेछ।

बोनस अधिकतम 12 महिनासम्म प्रदान गरिनेछ। अस्थायी रोजगारी भएको खण्डमा बोनसलाई रोजगारीको समय अनुसार प्रदान गरिनेछ।

**परिशिष्ट 1:**

**उपलब्ध गराइनुपर्ने कागजातहरू:**

**1. व्यक्तिगत विवरण**

o आधिकारिक परिचय भएको कागजात

o जन्म दर्ता प्रमाणपत्र

o नागरिकताको प्रमाण

o EEA (इइए) नागरिकहरूका लागि: विदेशी प्रहरी दर्ता प्रमाणपत्र

o गैर-EEA (इइए) नागरिकहरूका लागि: आवासीय अनुमति, शरणको अधिसूचना

o अख्तियारनामा (संरक्षकत्व सम्बन्धी निर्णय, अभिकर्ता, इत्यादी)

o सम्बन्धविच्छेदको फैसला तथा मुद्दाको सम्झौता मार्फत भएको निब्टाराको प्रतिलिपी (हरेक वैधताको सूचनासँग)

**2. आय तथा सम्पत्तिहरूको विवरण**

2.1. आय तथा स्याहार भत्ता विवरण

o पछिल्लो 3 महिनाको तलबको प्रमाणपत्र वा आयको प्रमाण (ससाना रोजगारीको लागि पनि)

o लोक रोजगारी सेवाको लिखित प्रमाण

o PVA (पेन्सन बीमा), SVA (सामाजिक बीमा), ÖBB (अस्ट्रियन रेल्वेस्), VAEB (अस्ट्रियन रेल्वेस् बीमा संस्थान), BVA (लोक सेवा बीमा निगम), विदेशी पेन्सनहरू, इत्यादीबाट लिखित प्रमाण

o बिरामी लाभको प्रमाण

o मातृत्व भत्ता / बाल स्याहार भत्ता (को पूरक) को प्रमाण

o अग्रिम पेन्सन भुक्तानीको प्रमाण

o दुर्घटना लाभको प्रमाण

o जीवन-निर्वाहको दाबी / खाद्य अनुदान दाबीहरूको प्रमाण

o भाडा तथा/वा ठेक्कापट्टा सम्बन्धी सम्झौताहरू

o आयका अन्य प्रकारका प्रमाण (जीवन वार्षिक वृत्ति, इत्यादी)

o स्याहार भत्ता सूचना

o पछिल्लो 3 महिनाको विस्तृत आय तथा खर्चहरूको विवरण

2.2. सम्पत्तिहरूको जानकारी

o बैंकको विवरण (आवेदन दिएको मिति भन्दा तीन महिना अगाडि देखिको)

o बीमा पोलिसीहरू (अन्तिम संस्कार बीमा योजना, जीवन बीमा, इत्यादी)

o बचत पुस्तिकाहरू

o बिल्डिंग ऋणको सम्झौताहरू

o शेयर तथा प्रतिज्ञापत्रहरू

o कोषहरू

o गाडी (कार, लोरी, ट्र्याक्टर, इत्यादी)

o अन्य सम्पत्तिहरू (नगद सम्पत्ति, इत्यादी)

o भूमि दर्ता सार

महत्वपूर्ण सूचना:

सहयोग खोजिरहेको व्यक्तिले तेस्रो पक्षहरू (आमाबुबा, श्रीमान/श्रीमती इत्यादी) विरूद्ध दाबी दर्ता गर्न र यो कार्य स्पष्ट रूपमा निरर्थक तथा अव्यवहारिक नहुँदासम्म उनको यी तेस्रो पक्षहरूबाट कानूनी रूपमा पैसा दाबी गर्ने प्रयास गर्ने दायित्व रहन्छ, यसो गर्दा यस्तो अनुमान लगाइन्छ कि यदि तेस्रो पक्षहरूद्वारा भुक्तानीको माग पूरा गरिएमा श्रोत-परीक्षित न्यूनतम आय लाभहरूको भुक्तानी गर्नु जरूरी हुँदैन वा कम्तीमा पनि प्रचलित सीमा सम्म पर्दैन ।

**3. निम्न कागजातहरू पनि पेश गरिनुपर्छ:**

3.1 थप प्रमाण

o रोजगारी खोजीकर्ताको रूपमा दर्ता भएको प्रमाण

o अस्ट्रियन श्रम बजार बोर्डको सुपरिवेक्षण सम्झौता

o अस्ट्रियन श्रम बजार बोर्डबाट लाभ अस्वीकार गरिएको सूचना

o पेन्सन आवेदन सम्बन्धी कागजातहरू

o जीवन-निर्वाह आवेदन सम्बन्धी कागजातहरू

o काम गर्ने क्षमताको नतिजा तथा चिकित्सकको कागजातहरू

o सामाजिक स्थायीकरणको विधिहरूको प्रमाण (जर्मन भाषाका कक्षाहरू, इत्यादी)

o विद्यालयमा उपस्थितिको लिखित प्रमाण

3.2. भाडाको लागि आवासीय खर्चहरू

o भाडाको करार/कोअपरेटिभ संघ सम्झौता

o हालको भाडा तथा चालू खर्चहरूको व्यवस्था

o चालू भाडाको भुक्तानी सम्बन्धी प्रमाण

o आवासीय लाभहरूको विवरण

3.3. आफ्नै घरको चालू खर्चहरूको प्रमाण:

o बिल्डिंगको बीमा (पोलिसी)

o चिम्नी सफा गरेको बिल

o फोहोर व्यवस्थापनको बिल

o सामुदायिक शुल्कहरू (पानी/ढल)

**परिशिष्ट 2:**

**न्यूनतम मापदण्ड 2017:**

| **श्रोत-परीक्षित न्यूनतम आय लाभहरू – भाडाको लागि न्यूनतम मापदण्डहरू 2017** | | | |
|---|---|---|---|
| **व्यक्तिहरूको वर्ग** | **बसोबासको खर्च** | **आवासीय सहयोग** | **कुल** |
| **एकल व्यक्ति/एकल आमा वा बुबा** 100 % | €633.35 | €211.11 | €844.46 |
| एउटै घरमा बस्ने **दम्पती/सँगै बस्ने जोडी** 150% | €950.02 | €316.68 | €1266.70 |
| साझा घरपरिवारमा **कानूनी उमेर पुगेका व्यक्ति** 75% | € 475.01 | €158.34 | €633.35 |
| **साझा घरपरिवारमा** बस्ने **तेस्रो सबैभन्दा बढी उमेर भएको** वा ती भन्दा साना उमेरको व्यक्ति जो त्यहीं साझा घरपरिवारको अर्को सदस्यबाट जीवन-निर्वाहको लागि हकदार छ, 50% | €316.67 | €105.56 | €422.23 |
| पारिवारिक भत्ताको लागि योग्य रहेको **नाबालिग** व्यक्ति 23% | €145.67 | €48.56 | €194.23 |

| **श्रोत-परीक्षित न्यूनतम आय लाभहरू – न्यूनतम मापदण्डहरू – सम्पत्ति 2017** | | | |
|---|---|---|---|
| **व्यक्तिहरूको वर्ग** | **बसोबासको खर्च** | **आवासीय सहयोग** | **कुल** |
| **एकल व्यक्ति/एकल आमा वा बुबा** 100 % | €633.35 | €105.56 | €738.91 |
| एउटै बासस्थानमा बस्ने **दम्पती/सँगै बस्ने जोडी** 150% | €950.02 | €158.34 | €1108.36 |
| साझा घरपरिवारमा **कानूनी उमेर पुगेका व्यक्ति** 75% | €475.01 | €79.17 | €554.18 |
| **साझा घरपरिवारमा** बस्ने **तेस्रो सबैभन्दा बढी उमेर भएको** वा ती भन्दा साना उमेरको व्यक्ति जो त्यहीं साझा घरपरिवारको अर्को सदस्यबाट जीवन-निर्वाहको लागि हकदार छ, 50% | €316.67 | €52.78 | €369.45 |
| पारिवारिक भत्ताको लागि योग्य रहेको **नाबालिग** व्यक्ति 23% | €145.67 | €24.28 | €169.95 |

| | |
|---|---|
| **आवासीय संस्थाहरूमा सहयोग खोज्ने व्यक्तिहरूको व्यक्तिगत आवश्यकताहरूलाई समेट्ने श्रोत-परीक्षित न्यूनतम आय लाभहरूको आधार दर (x 13)** | €67.87 |

एउटै घरपरिवार वा साझा बासस्थानमा बस्ने सबै व्यक्तिहरूको न्यूनतम मापदण्डहरूको जोड **कुल €1500 सम्म सीमित हुन्छ।**

**अपवाद:** स्याहार भत्ता वा बढाइएको पारिवारिक भत्ता प्राप्त गर्ने वा काम गर्न निरन्तर रूपमा असक्षम रहेका व्यक्तिहरूका लागि न्यूनतम मापदण्डहरू घटाइने छैन।

**परिशिष्ट 3:**

**न्यूनतम मापदण्डहरू – समायोजन:**

| **न्यूनतम मापदण्डहरू-समायोजन** | | | |
|---|---|---|---|
| **व्यक्तिहरूको वर्ग** | **बसोबासको खर्च** | **आवासीय सहयोग** | **कुल** |
| **एकल आमा वा बुबा**, प्रति व्यक्ति | €522.50 | €300.00 | €822.50 |
| एक्लै बस्ने वा एउटै घरपरिवारमा वा साझा बासस्थानमा **अर्को** कानूनी उमेर पुगेको व्यक्तिसँग बस्ने कानूनी **उमेर पुगेको व्यक्तिहरू**, प्रति व्यक्ति | €422.50 | €150.00 | €572.50 |
| **साझा घरपरिवारमा** बस्ने **तेस्रो सबैभन्दा बढी उमेर भएको** तथा ती भन्दा साना उमेरको व्यक्तिहरू, प्रति व्यक्ति | €422.50 | - | €422.50 |
| **न्यूनतम मापदण्ड - समायोजन, प्राप्त गर्ने एकल आमा वा बुबासँग** बस्ने **पहिला तीन नाबालिग व्यक्तिहरूको** लागि, प्रति व्यक्ति | €179.17 | - | €179.17 |
| **नाबालिग व्यक्तिहरूका** लागि, प्रति व्यक्ति | €129.17 | - | €129.17 |

एउटै घरपरिवार वा साझा बासस्थानमा बस्ने सबै व्यक्तिहरूको न्यूनतम मापदण्डहरूको जोड **कुल €1500 सम्म सीमित हुन्छ।**

**अपवाद:** स्याहार भत्ता वा बढाइएको पारिवारिक भत्ता प्राप्त गर्ने वा काम गर्न निरन्तर रूपमा असक्षम रहेका व्यक्तिहरूका लागि न्यूनतम मापदण्डहरू घटाइने छैन।